गाउँबाट शान्ति

चौमासिक ब'लेटिन, वर्ष १, अंक २, प'स २०६६ (Vol. 1, No. 2, December 2009)

# गाउँबाट शान्ति परियोजनाका बारेमा राष्ट्रिय स्तरका सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)द्वारा २०६५ मंसीर महिनाबाट भोजपुर र संखुवासभा जिल्लामा संचालनमा रहेको गाउँबाट शान्ति परियोजनाका बारेमा राष्ट्रिय स्तरका सरोकारवालाहरूसँग एकदिने अन्तरक्रिया कार्यक्रम गत भाद्र १९ गते काठमाडौंमा सम्पन्न भयो । गाउँबाट शान्ति परियोजनाका प्रमुख सरोकारवालाहरूलाई परियोजनाको बारेमा जानकारी दिने र परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय स्तरमा सरोकारवालाहरूको बीचमा समन्वय स्थापना गर्ने उद्देश्यले उक्त अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

अन्तरक्रिया कार्यक्रममा शान्ति तथा पुनर्निर्माण मन्त्रालय, समाजकल्याण परिषद्, राष्ट्रिय योजना आयोग, युवा तथा खेलकुद मन्त्रालय लगायतका सरकारी सरोकारवाला निकायका प्रतिनिधिहरू, मानवअधिकार एलाइन्स, जागरण नेपाल, अक्सफाम जीबी लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरूका साथै क्यानाडाली सहयोग कार्यालय (सीसीओ) तथा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)का पदाधिकारीहरूका साथै संचारकर्मीहरू समेतको सहभागिता रहेको थियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सहसचिव श्री दुर्गानिधि शर्माले परियोजनाको अवधारणाको सह्राना गर्नुहुदै यस परियोजनाको कार्यान्वयनको सिलसिलामा सामुदायिक तहमा प्राप्त भएका सिकाईहरूलाई राष्ट्रिय स्तरमा समेत अवलम्बन गर्न सकिने कुरा उल्लेख गर्नुभयो ।

**यस अंकमा**

**लेख / रचना:**

- दिगो शान्तिका लागि गाउँबाट शान्ति
- सुरक्षित मातृत्व हरेक महिलाको अधिकार
- जलवायू परिवर्तन र गाउँबाट शान्ति परियोजना

**जानकारी**

- महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको निर्णय नं. १३२५ का प्रमुख प्रावधानहरू

**कार्यक्रम गतिविधिहरू**



अन्तरक्रिया कार्यक्रममा गाउँबाट शान्ति परियोजना (पीवीवी)का परियोजना निर्देशक श्री सीमा लुइटेल लगायत परियोजनाका वरिष्ट अधिकृतहरूले परियोजनाको अवधारणा तथा यसका गतिविधिहरूका बारेमा सहभागीहरूलाई जानकारी दिनुभएको थियो ।

सीसीओका प्रतिनिधि डा. प्रवीण मानन्धरले दिन प्रतिदिन द्वन्द्वका नयाँ नयाँ रूपहरू देखा परिरहेकाले परियोजना कार्यान्वयनको अवधिमा द्वन्द्व न्यूनिकरणका रणनीतिहरूको विकास गरिनुपर्ने कुरामा जोड दिनु भयो । सीसीओका अर्का प्रतिनिधि श्री रामजी न्यौपानेले द्वन्द्व संवेदनशील परियोजनाका अनुभव र सिकाईहरूलाई सुव्यवस्थित रूपमा अभिलेखन गरी विभिन्न तहमा आदान-प्रदान गर्न सकिने कुरा उल्लेख गर्नुभयो । यसैगरी सीसीओका अर्का सहभागी श्री चार्ल्स प्रधानले परियोजनाले देशको विकास योजनालाई सहयोग पुर्‍याएको छ वा छैन भनी अनुगमन गरिनु पर्दछ भन्नुभयो ।

यसैगरी अक्सफाम जीबीका प्रतिनिधि महेन्द्रलक्ष्मी शर्माले परियोजनाको कार्यान्वयनको क्रममा महिला, दलित तथा जनजातिको समावेशीकरणलाई उचित ध्यान पुर्‍याउदै राष्ट्रिय स्तरका अनुभवहरू, समस्याहरू र मुद्दाहरूलाई समेत एकीकृत गरिनु पर्ने बताउनु भयो ।

अन्तरक्रियाको क्रममा आरआरएनका अध्यक्ष डा. अर्जुन कार्कीले गाउँ र शहरमा फरक फरक रूपमा बुझिने ठूला शहरमा बस्ने मानिसहरू र दुर्गम भेकमा बस्ने समुदायले शान्ति र विकासको अर्थ फरक फरक रुपमा बुझेका हुन्छन् भन्दै विकास र शान्तिका बारेमा अवधारणात्मक व्याख्या गर्नु भएको थियो ।

लेख

# दिगो शान्तिका लागि गाउँबाट शान्ति

**-सीमा लुइटेल** (परियोजना निर्देशक, पीवीवी)

द्वन्द्वोपरान्तको अवस्थामा विगत दुई वर्षयता नेपालको शहरी र विशेष गरेर गामीण क्षेत्रलाई लक्षित गरी देशको शान्ति प्रक्रियालाई सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न विकासे कार्यक्रमहरू संचालित छन् । विभिन्न गैरसरकारी तथा सरकारी संघ संस्थाले संचालन गर्दै आएका यस्ता कार्यक्रम तथा परियोजनाहरू द्वन्द्वबाट प्रभावित व्यक्ति, समुदाय, वर्ग तथा राष्ट्रको राजनैतिक, आर्थिक, सामाजिक तरल परिस्थितिलाई सम्बोधन गर्ने उद्देश्यले निर्माण र परिचालित भएका छन् । मुख्यतः यस्ता विकासे कार्यक्रमहरूले देशका सुदुर-पश्चिम र पश्चिमका पहाडी तथा तराईका जिल्लाहरूलाई आफ्नो लक्षित क्षेत्रको रूपमा लिएका छन् । तर दश वर्षे जनयुद्धको प्रभाव मानसिक तथा भौतिक रूपमा केवल कुनै विशेष क्षेत्र समुदाय वा वर्ग विशेषलाई मात्र नपरी यसले सम्पूर्ण राष्ट्रलाई नै प्रभाव पारेको छ ।

देशको बदलिदो राजनैतिक, सामाजिक र आर्थिक परिवेशलाई मध्यनजर गरी संचालित विभिन्न विकासका कार्यक्रमहरू द्वन्द्वोपरान्तको अवस्थालाई संबोधन गर्न आफ्ना कार्यशैली, रणनीति, कार्यक्रम, समन्वय शैलीलाई परिमार्जन र परिस्कृत गर्दै अघि बढेका छन् । यसै सिलसिलामा पूर्वका दुई पहाडी जिल्लामा संचालित 'गाउँबाट शान्ति' कार्यक्रम पनि द्वन्द्व पश्चात्को सामाजिक र आर्थिक परिवेशलाई संबोधन गर्नका लगि परिलक्षित कार्यक्रम हो । आयआर्जन, भौतिक पूर्वाधार, स्वास्थ्य र जनचेतनालाई समग्र परियोजनाको प्रवेशविन्दुको रूपमा अंगिकार गर्दै पुनर्निर्माण, पुनर्मिलन र पुनर्संरचनालाई सहजिकरण गर्न यस परियोजनाका विभिन्न क्रियाकलापहरू लक्षित छन् । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख राणनैतिक चासो तथा सरोकारको विषयको रूपमा यस परियोजनाले प्रयोग गर्दै आएको छ । जसबाट संरचनागत सामाजिक भेदभाव र पूर्वाग्रही सोंचहरूको प्रगतिशील रूपान्तरणको लागि सहजिकरण गर्न सकिने विश्वास यस कार्यक्रमले लिएको छ ।

यस कार्यक्रमले समुदायमा आधारित विभिन्न संघ-संस्था (आमा समूह, कृषि समूह, वन समूह, युवा क्लब आदि) लाई परिचालन गरी आफ्नो पहुँचलाई अन्य समूह, समुदाय र विशेष वर्ग समक्ष पुऱ्याउदै आएको छ ।

सामुदायिक परिचालनलाई सहजिकरणको प्रमुख अधार मान्दै दिगो शान्तिको लागि जनता आफै राष्ट्रको पुनर्निर्माणको मूलधारमा आउने विश्वास यस परियोजनाले राखेको छ । नेपाल सरकारले गठन गरेको जिल्ला शान्ति समिति र जिल्ला स्थित सरोकारवाला संघ-संस्था र सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको सम्बन्ध र सहयोगलाई पनि यस परियोजनाको मुख्य सफलताको रूपमा लिइएको छ ।

अन्तमा: गाउँबाट शान्ति परियोजनाका विभिन्न क्रियाक( लापबाट आएका उपलब्धी तथा सिकाईहरूलाई नमूनाको रूपमा विकास गरी राष्ट्रको अन्य क्षेत्रमा पनि विस्तारीकरण गर्न सहयोग पुऱ्याउने छ । साथै यस परियोजनाले स्थापित गरेका उत्कृष्ट अभ्यास र सिकाईहरूलाई नीति निर्माण तहसम्म प्रचारप्रसार तथा सरोकारवालाहरूलाई अवलोकन गराई उपयुक्त नीति निर्माणमा समेत गाउँबाट शान्तिको अवधारणालाई ठोस रूपमा विस्तारिकरण गर्न मद्दत पुऱ्याउँछ ।

यस परियोजनाले द्वन्द्वोपरान्तको अवस्थामा विद्यमान द्वेषको भावना कम गराई जनता बीच मेलमिलाप, सद्भाव र विश्वासको वातावरण सृजना गर्न मद्दत गर्ने छ भन्ने विश्वास लिइएको छ । द्वन्द्वको समयमा पीडित र पीडक पक्षलाई सहकार्य गराई गाउँको पुनर्निर्माणमा एकजुट गराउन सकिने कुरामा आश्वस्त हुन सकिन्छ, तथापि देशको संक्रमणकालीन राजनैतिक, आर्थिक र सामाजिक परिस्थितिमा देखिएको अनिश्चितता र अस्थिरता मुख्य चुनौतिको रूपमा रहेको तथ्यलाई पनि नकार्न सकिदैन ।

प्रकाशकीय

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा पूर्वी नेपालका संखुवासभा र भोजपुर जिल्लामा संचालित गाउँबाट शान्ति कार्यक्रम र यस अन्तर्गत सञ्चालन भएका विभिन्न क्रियाकलापहरूका बारेमा सम्बन्धित सरोकारवालाहरू, सरकारी निकायहरू, गैरसरकारी संघ-संस्थाहरू, राजनैतिक दलहरू, सामुदायिक संघ-संस्थाहरू तथा ग्रामीण समुदायमा जानकारी गराउने उद्देश्यले प्रकाशित 'गाउँबाट शान्ति' नामक चौमासिक बुलेटिनको दोस्रो अङ्क यहाँहरूको हातमा छ ।

यस बुलेटिनमार्फत् आरआरएनले संखुवासभा र भोजपुर जिल्लामा सञ्चालित गाउँबाट शान्ति कार्यक्रम लगायत अन्य कार्यक्रमहरूका गतिविधिसम्बन्धी संक्षिप्त समाचारका साथै अन्य उपयोगी र जानकारीमूलक सामग्रीहरू पनि नियमित रूपमा प्रकाशन गर्ने उद्देश्य राखेको छ ।

# सुरक्षित मातृत्व हरेक महिलाको अधिकार

**-विना अधिकारी** (सामुदायिक स्वास्थ्य विकास अधिकृत, पीवीवी)

नेपालका विद्यमान जनस्वास्थ्य समस्याहरूमध्ये मातृमृत्यु एक प्रमुख समस्याको रूपमा रहेको कारणले गर्दा पारिवारिक स्वास्थ्य अन्तर्गतका विभिन्न कार्यक्रमहरू मध्ये सुरक्षित मातृत्व नेपाल सरकारको एउटा प्रमुख कार्यक्रमको रूपमा रहेको छ । सुरक्षित मातृत्व भन्नाले सुरक्षित गर्भवती अवस्था, सुरक्षित प्रसव, सुरक्षित सुत्केरी अवस्था र स्वस्थ बच्चाको जन्म (सुत्केरीपछिको ४५ दिनसम्मको अवस्था) भन्ने बुझिन्छ ।

नेपालका विभिन्न संघ-संस्थाहरू मार्फत् विभिन्न कार्यक्रमहरू संचालनमा आइरहेता पनि मातृ तथा शिशु मृत्यु दरमा सन्तोषजनक रूपमा कमी आउन सकिरहेको छैन । नेपालको मातृमृत्यु प्रति एक लाखमा २८१ रहेको अनुमान गरिएको छ, जसले नेपालमा मातृत्व अवस्था सुरक्षित हुन नसकेको भन्ने बुझाउँछ । आमा र बच्चाको स्वास्थ्यलाई विशेष ध्यानमा राखी सन् १९९७ देखि नेपालका विभिन्न जिल्लाहरूमा शुरु भएको यस कार्यक्रमको मुख्य लक्ष्य शिशु तथा मातृ मृत्यु दर घटाउने रहेको छ । तीन बर्षे अवधारणा अनुरूप विभिन्न भौगोलिक क्षेत्र, वर्ग, लिङ्ग, जातजाति, धर्म, राजनीतिक आस्था, आर्थिक तथा सामाजिक अवस्थानुसार कुनै भेदभावविना गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गरी गुणस्तरीय स्वास्थ्य स्थितिमा सुधार गर्न पाउने नागरिकको नैसर्गिक अधिकारमाथि सामाजिक समाबेशीकरणको अवधारणालाई प्रत्याभुति गराई गुणस्तरीय सेवा सुबिधामा सबै नागरिकको सहज पहुँच हुनुपर्ने रहेको छ । सुरक्षित मातृत्व कार्यक्रमले उपलब्ध स्वास्थ्य सेवालाई प्रयोगमा ल्याउने वातावरणको प्रत्याभूति गराई सन् २०१७ सम्ममा मातृमृत्यु दर २८१/१,००,००० बाट १३४/१,००,००० र शिशु मृत्युदर ३३/१००० बाट १५/१००० पुर्याउने लक्ष्य राखेको छ । आर्थिक समस्या तथा दक्ष स्वास्थ्यकर्मीहरूको अभावको कारण धेरै ग्रामीण भेगका महिलाहरू सुरक्षित प्रसुति गराउन सकिरहेका छैनन्, जसको कारण नेपाल सरकारले आर्थिक राहतको लागि यातायातको खर्च मार्फत् तराईमा रु. ५००, पहाडमा रु. १००० र हिमाली भेगमा रु. १५०० प्रदान गर्दै आइरहेको छ ।

अन्तत, आधारभूत स्वास्थ्य सेवा उपभोग गर्न पाउनु हरेक महिलाको अधिकार हो, जसरी शहरी क्षेत्रका महिलाहरू धेरै सेवा सुविधाबाट आफ्नो स्वास्थ्यको स्तर उकासिरहेका छन् भने ग्रामीण भेगका महिलाहरू आधारभूत आवश्यकताको लागि तड्पिरहेको छन् । दूर्गम तथा पिछडिएको जिल्लामा महिला-हरूलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराई उनीहरूको स्वास्थ्य स्तरमा सुधार ल्याउनु सेवाग्राही संघ-संस्था र नेपाल सरकारको कर्तव्य तथा उनीहरूको अधिकार हो ।



## लैंगिक समानता तथा सामाजिक समावेशीकरण

**- चिन्तामणि पोखेल** (सचिव, जगनटार कबुलियती वन समूह, चरम्बी, भोजपुर)

गाउँवस्ती समाज र सारा देशभरी
सबै ठाउँ नारी अनि पुरुष बराबरी ।

लैंगिक विभेद समाजमा जरै हटाउन
चेतना र समावेशीकरण बढाउन ।

सामाजिक समावेशी लैङ्गिक समानता
घरबाटै लागु गर्ने गरौं प्रतिबद्धता ।

भेदभाव हुनुहुन्न लैङ्गिक समानता
जेण्डर अनि सेक्स बीच बुझौं असमानता ।

प्राकृतिक लिङ्ग सबै साट्न नमिल्ने
जन्मैदेखि पाइल्याको ढाँट्न नमिल्ने ।

सबै सारा जातजाति संसार देशभरी
प्राकृतिक लिङ्गमा सबै बराबरी ।

धर्म सँगै बनिएथे सामाजिक लिङ्ग
परिवर्तन गर्न मिल्ने कति रैछ भिन्न ।

सांस्कृतिक परम्परा चालचलनभित्र
सामाजिक लिङ्ग फरक बनिएछ भित्र ।

बन्धन फुकाई अब सबले गरौं प्रतिबद्धता
नारी पुरुष रथका पाङ्ग्रा हाम्रो आवश्यकता ।

आधा रैछ पुरुष त्यो नारी आधा आकाश
नारी पुरुष मिलिजुली गरौं देश विकास ।

लेख

# जलवायु परिवर्तन र गाउँबाट शान्ति परियोजना

– **बिमल घिमिरे** (योजना तथा वित्त अधिकृत, पीवीवी)



आज जलवायु परिवर्तन विश्वव्यापि चर्चाको विषय बनेको छ । यसको असर कुनै एउटा निश्चित देश वा भू-भागमा मात्र नभएर सारा संसारभरी हुने कुरा सर्वविदित छ । वैज्ञानिकहरूले आजभन्दा केही दशक पहिला नै मानवीय कृयाकलापका कारणबाट हुनसक्ने बातावरणीय असर र त्यसबाट हुने जलवायु परिवर्तनको खतराको बारेमा सचेत गराएका थिए । यही विषयको गम्भीरतालाई मध्यनजर राख्दै संसारका विभिन्न देशहरूले छलफल गरी १९९७ मा जापानको क्योटो सहरमा हरित गृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्न एउटा संझौता गरी कार्यान्वयन गरिएको थियो, जसलाई 'क्योटो प्रोटोकल'का नामबाट चिनिन्छ । तर जलवायु परिवर्तनको प्रत्यक्ष असर हामी माझ नपरेसम्म यससम्बन्धी प्रभावकारी योजनाको कार्यान्वयन बृहत स्तरमा खासै कुनै राष्ट्रबाट पनि हुनसकेको छैन । त्यसैले जति समय वित्दै गयो, जलवायु परिवर्तनको असर बढदो छ र वैज्ञानिकहरूले वर्तमान विश्वको मानवीय कृयाकलापहरूमा परिवर्तन नगरिए अर्थात् हरितगृह ग्यासको उत्सर्जनको दरलाई घटाउन यथासक्य छिटो प्रयास नभए आउने केही दशकसम्ममा जलवायु परिर्वतनको प्रभाव विनाशकारी हुने कुराको घ्यानार्कषण गराएका छन् । यसै सिलसिलामा डेनमार्कको राजधानी कोपनहेगन शहरमा यही डिसेम्बर २००९ मा जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन भएको थियो र यसले जलवायु परिवर्तनको असरलाई कसरी कम गर्दै लैजाने भन्नेबारेमा एउटा निचोड निकालेर विभिन्न राष्ट्रहरूले के कसरी अगाडि बढ्ने भन्ने वारमा योजना बनाई हस्ताक्षर गर्ने कुरा आशा गरिएको थियो । तर पनि उक्त सम्मेलनको आशातित प्रतिफल स्पष्ट रूपमा अझैसम्म आउन सकेको छैन ।

जलवायु परिवर्तनको दृष्टिकोणबाट सरसर्ती हेर्दा वर्तमान विश्व दुई भागमा विभाजित भएको पाइन्छ । एकातिर धनी तथा विकसित देशहरू, जसले अत्याधिक कार्बन (जलवायु परिर्वतनको एक प्रमुख तत्व) उत्पादन गरिरहेका छन् भने अर्कोतिर गरीब तथा कम विकसित राष्ट्रहरू, जसले न्यून मात्रामा कार्बन उत्पादन गरेका छन् । कम विकसित राष्ट्रहरू पनि विकासको मार्गमा लम्किरहेका हुनाले तिनीहरूबाट पनि भविष्यमा धेरै कार्बन उत्पादन हुनसक्नेतर्फ संकेत गर्दछ । आज एकातिर गरीब तथा अल्पविकसित राष्ट्रहरूले आफूहरू पनि धनी राष्ट्रहरूकै तहमा विकसित हुन पाउने अधिकारको खोजीमा छन् भने अर्कोतिर धनी तथा विकसित देशहरू भने गरीब तथा कम विकसित राष्ट्रहरूलाई पनि तत्कालै जलवायु परिवर्तनसम्बन्धी दायित्व लिन दबाब दिइरहेका छन् । यसको बिपरित गरीब तथा कमविकसित देशहरू भने यो जलवायु परिवर्तनको असर धनी तथा विकसित देशहरूको क्रियाकलापको परिणाम हो र उनीहरूले नै यसको समाधानको उत्तरदायित्व लिनुपर्छ भन्ने कुरामा अडिग रहेका छन् । तथापि जलवायु परिवर्तनको सम्भावनालाई कम गर्न आज धनी र गरीब देशहरू एक ठोस कार्यक्रम बनाई अगाडि जानुपर्ने आवश्यकता रहेको छ ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) एक सामुदायिक विकास तथा मानवअधिकारसम्बन्धी काम गर्ने संस्था भएको हुनाले यसले पनि जलवायु परिवर्तनका सम्बन्धमा मानिसहरूलाई सचेत गराउनु र आफ्ना क्रियाकलापहरूका कारणबाट वातावरणमा नकारात्मक असर नपरोस् भन्ने कुरामा सचेत पहल गर्नु हपरिहार्य भएको छ । यसर्थ आरआरएनले गाउँबाट शान्ति परियोजना (पीवीवी)को कार्यान्वयन गर्ने सिलसिलामा गरिने भौतिक निर्माण लगायत अन्य क्रियाकलापहरूबाट वातावरणमा नकारात्मक असर नपरोस् तथा वातावरण सन्तुलनमा योगदान पुगोस् भन्ने उद्देश्यले 'वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका' तयार गरेको छ र सोही निर्देशिका बमोजिम परियोजनाका सम्पूर्ण क्रियाकलापहरू कार्यान्वयन गर्ने गरिन्छ ।

'वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका' अन्तरगत मुख्यतः सम्बन्धित समुदायको संलग्नतामा कुनै पनि र्निमाणसम्बन्धी अथवा अन्य क्रियाकलाप गर्दा भौतिक, जैविक, सामाजिक र सांस्कृतिक पक्षमा त्यसको असर पर्ने वा नपर्ने मूल्याङ्कन गरिन्छ । यदि कुनै भौतिक निर्माण कार्यको नकारात्मक वातावरणीय असर पर्ने भए त्यसलाई खारेज गर्न अथवा असर न्यूनीकरण गर्नका लागि विशेष रणनीति बनाएर अगाडि बढिन्छ । यसका अतिरिक्त समदायले गर्ने अन्य कृयाकलापमा पनि सोही बमोजिम गर्न सुझाव दिइन्छ ।

यसरी आरआरएनले आफ्ना परियोजनाअन्तरगतका विकास निर्माण लगायतका क्रियाकलापहरू संचालन गर्दा त्यसबाट वातावरणमा पर्नसक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न आवश्यक औजारको रूपमा संस्थागत पहल गरिएको कुरा अन्य संघ-संस्था र सरोकारवालाहरूका लागि पनि एउटा उदाहरणीय सिकाई हुन सक्दछ ।

# महिला, शान्ति र सुरक्षा

## संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को निर्णय नं. १३२५ का प्रमुख प्रावधानहरू

महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को निर्णय नं. १३२५ ले सदस्य राष्ट्रहरूलाई अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा प्रक्रियामा सम्पूर्ण चरण तथा पक्षहरूमा महिलाहरूको पूर्ण समावेशीकरण सुनिश्चित गर्न आग्रह गरेको छ । निर्णय नं. १३२५ मा विशेष गरी निम्न कुरा आह्वान गरिएको छ :-

१) द्वन्द्व समाधान र शान्ति प्रक्रियामा महिलाहरूको पूर्ण सहभागिता

२) अन्तर्राष्ट्रिय शक्ति मिशनको मुख्यालय एवं फिल्ड मिशन दुवैमा महिलाहरूको समावेशीकरण

३) द्वन्द्वरत क्षेत्रमा महिला र बालबालिकाहरूको सुरक्षाका लागि विशेष प्रयास

४) राष्ट्रसंघीय रिपोर्टिङ्ग र कार्यान्वयन प्रणाली लैङ्गिक सचेतीकरण तालिम

राष्ट्रसंघीय सुरक्षा परिषद्को निर्णय नं. १३२५ अन्तर्राष्ट्रिय कानुन भएकोले संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूका लागि यो बाध्यकारी कानुन हो । नेपाल पनि एक सदस्य राष्ट्र भएकोले यसका प्रावधानहरूको कार्यान्वयनका लागि उत्तरदायी हुन्छ । सुरक्षा परिषद्को निर्णय नं. १३२५ निम्नलिखित धाराहरू रहेका छन्, जसलाई शान्ति स्थापनाको एक औजारको रूपमा प्रयोग गरिएको छ :-

**धारा १** द्वन्द्व समाधान, व्यवस्थापन र रोकथामको नीति निर्माण तहमा महिला सहभागी गर्ने,

**धारा २** द्वन्द्व समाधान र शान्ति प्रक्रियामा महिला सहभागिता अभिबृद्धि गरिने रणनीति कार्ययोजना बनाउने,

**धारा ३** महासचिवको विशेष दूतमा बढीभन्दा बढी महिलाहरूको नियुक्ति गर्ने,

**धारा ४** संयुक्त राष्ट्रसंघको स्थलगत अभियानहरूमा कर्मचारीको रूपमा काम गर्न महिलाहरूको भूमिका र योगदानलाई विस्तार गर्ने,

**धारा ५** शान्ति कायम गर्ने अभियानहरूमा लैङ्गिक दृष्टिकोण समावेश गर्ने,

**धारा ६** शान्ति स्थापना गर्ने सबै कार्यहरूमा महिलाहरूको सहभागिताको महत्व समावेश भएको निर्देशिका तथा आवश्यक सामग्रीहरू उपलब्ध गराउने,

**धारा ७** लैङ्गिक सचेतना प्रशिक्षणको लागि आर्थिक, प्राविधिक तथा व्यवस्थापिका सहयोग अभिबृद्धि गर्ने,

**धारा ८** शान्ति सम्झौताको छलफल र कार्यान्वयनमा लैङ्गिक दृष्टिकोण समावेश गर्ने,

**धारा ९** सबै द्वन्द्वरत पक्षहरूले महिला तथा बालबालिकाहरूले अन्तर्राष्ट्रिय कानुनको मापदण्डको आधारमा उचित व्यवहार गर्ने,

**धारा १०** महिला तथा बालबालिकाविरुद्ध हुने लिङ्गमा आधारित हिंसा, बलात्कार तथा अन्य यौनजन्य दुर्व्यवहारबाट प्रभावितहरूको लागि संरक्षणको विशेष व्यवस्था गर्ने,

**धारा ११** दण्डहीनताको अन्त्य गर्न विशेष गरी यौनजन्य हिंसासम्बन्धी अपराधलाई आममाफीसम्बन्धी प्रावधानबाट हटाउने,

**धारा १२** नागरिक र शरणार्थी शिविर तथा बसोबास क्षेत्रमा कायम रहेको मानवीय मूल्यको सम्मान गर्ने,

**धारा १३** निशस्त्रीकरण, सैन्य विघटन र सामाजिक पुनर्एकीकरणको योजनामा महिला र पुरुष पूर्वलडाकाहरूको फरक फरक आवश्यकतामाथि ध्यान दिने,

**धारा १४** सुरक्षा परिषद्ले लगाएको बन्देजमा मानवीय स्रोतहरू प्रदान गर्दा महिला तथा बालबालिकाको विशिष्ट आवश्यकतालाई ध्यान दिनु पर्ने,

**धारा १५** सुरक्षा परिषद्को अभियानहरूमा लैङ्गिक दृष्टिकोण तथा महिलाहरूको अधिकार सुनिश्चित गर्न महिला समूहहरूसँग परामर्श गर्ने,

**धारा १६** सशस्त्र संघर्षबाट महिला र बालबालिकामा पर्ने असर, शान्ति स्थापनामा महिलाको भूमिका र दण्ड व्यवस्थापनको लैङ्गिक पक्षहरूको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने,

**धारा १७** सुरक्षा परिषद्मा पेश गर्ने प्रतिवेदनमा शान्ति कायम गरिने अभियानमा भएको लैङ्गिक मूलप्रवाहिकरणसम्बन्धी प्रगति समावेश गर्ने,

**धारा १८** सुरक्षा परिषद् विषयवस्तुमाथि सक्रियतापूर्वक चनाखो रहने ।

*प्रस्तुतकर्ता:* लक्ष्मी राई
(वरिष्ट लैंगिक तथा सामाजिक समावेशीकरण अधिकृत, पीवीवी)

## लैंगिक समानता तथा सामाजिक समावेशिकरणसम्बन्धी तालिम सम्पन्न

संखवासभा र भोजपुर जिल्लाका विभिन्न गा.वि.स.हरूमा गा.वि.स. स्तरीय दुई दिने लैंगिक सचेतना तथा सामाजिक समावेशिकरण सम्बन्धित तालिम भाद्र महिनामा सम्पन्न भएको छ । उक्त तालिममा संखुवासभा जिल्लाको बाहबिसे र धुपु गा.वि.स. तथा भोजपुर जिल्लाको चरम्बी र तिवारीभंञ्याङ्ग गा.वि.स.का समुदायमा आधारित संघ-संस्थाका पदाधिकारीहरूको सक्रिय सहभागिता रहेको थियो । तालिममा भोजपुर र संखुवासभाका गरी ६८ महिला र ४८ पुरुष गरी जम्मा ११६ जनाको सहभागिता रहेको थियो ।



*लैंगिक तथा सामाजिक समावेशीकरण तालिमका सहभागीहरू, चरम्बी भोजपुर*

महिला र पुरुष बीच हुने गरेका सामाजिक विभेदहरूको अन्त्य गरी समुन्नत, शान्त, समृद्ध, समतामूलक र समावेशी समाज निर्माणमा सहयोग पर्‍याउने, समुदायमा हुने हिंसाजन्य क्रियाकलाप र महिलामाथि हुने हिंसा निर्मुल पार्न सहयोग पर्‍याउने र लैंगिक समानता सम्बन्धी सचेतना जगाई व्यक्ति-व्यक्ति, परिवार-परिवार र समाज-समाज बीचको द्वन्द कम गरी स्थानीय स्तरमा शान्ति स्थापना गर्नमा सहयोग पुर्‍याउने उद्देश्यले सो तालिमको आयोजना गरिएको थियो । तालिम महिला विकास कार्यालय र स्थानीय स्तरमा उपलब्ध स्थानीय सहजकर्ताको सहजीकरणमा सम्पन्न भएको थियो ।

## शान्तिसम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न

गाउँ विकास समिति, लोकतान्त्रिक महिला मञ्च र महिला सञ्जालसँग समन्वय गरी गा.वि.स. स्तरमा समुदायमा आधारित संघ-संस्थाहरूको अगुवाईमा संखुवासभा जिल्लाका धुपू र नुम गा.वि.स.मा महिला सशक्तिकरण, सामाजिक विभेद, द्वन्द्व व्यवस्थापन तथा शान्ति स्थापना, घरेलु हिंसासम्बन्धी विषयवस्तुमा केन्द्रित गरी गत साउन महिनामा तीज पर्वको अवसर पारी तीज गीत प्रतियोगिताको आयोजना गरिएको थियो । सो कार्यक्रममा जम्मा ३३ वटा समूहहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा लगभग २००० जना महिला तथा पुरुष दर्शकको सहभागिता रहेको थियो । महिला र पुरुष बीच हुने गरेका सामाजिक विभेद अन्त्य गरी शान्ति स्थापना गर्नमा चेतना र ज्ञान बढेको थियो ।



*तीज पर्वको अवसरमा आयोजित गीत प्रतियोगिता, धुपु, संखुवासभा*

## स्वास्थ्य सामग्री तथा फर्निचर वितरण

गाउँबाट शान्ति कार्यक्रम अन्तर्गत संखुवासभाको पांमा, खराङ्ग र बानेश्वर उप-स्वास्थ्य चौकीमा र भोजपुर जिल्लाको चरम्बी, तिवारीभंञ्याङ्ग र जरायोटार उप-स्वास्थ्य चौकीहरूमा सुरक्षित प्रसुति सेवासम्बन्धी आवश्यक उपकरणहरू उपलब्ध गराउने काम यही भाद्र महिनामा सम्पन्न भएको छ ।

सो क्षेत्रका समुदायहरू स्वास्थ्य सम्बन्धी उपकरणहरूको अभावमा विशेष उपचारको लागि सदरमुकाम धाउनुपर्ने समस्या भएको र हाल नेपाल सरकार मार्फत् पनि सुरक्षित प्रसुति सेवा सबै स्वास्थ्य तथा उप-स्वास्थ्य चौकी स्तरसम्म पुर्‍याउने लक्ष्य भएकोले सबै महिलाहरूको स्वास्थ्य अवस्थामा सुधार गर्ने उद्देश्यले जिल्ला स्वास्थ्य कार्यालयसँग समन्वय गरी सो कार्यक्रम सम्पन्न गरिएको थियो ।

उक्त स्वास्थ्य सामग्री वितरण कार्यक्रमबाट सो गा.वि.स.हरूमा नियमित स्वास्थ्य सेवामा पनि सुधार आउने र समुदायको स्वास्थ्य सेवाको पहुँचमा पनि बृद्धि हुने आशा गरिएको छ ।

## आयआर्जनसम्बन्धी व्यावसायिक सीपमूलक तालिम सम्पन्न

प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले द्वन्द्वमा परेका, गरीब, महिला तथा ग्रामीण भेगका युवाहरूलाई गाउँघरमा नै सानो



*मौसमी तरकारी खेतीसम्बन्धी तालिमका सहभागीहरू, संखुवासभा*

व्यावसाय गरी स्वरोजगारको अवसर सिर्जना गर्ने उद्देश्यले गाउँबाट शान्ति कार्यक्रम अन्तर्गत संखुवासभाको तुम्लिङ्टारमा पाँच दिने मौसमी तरकारी खेतीसम्बन्धी तालिमको आयोजना गरिएको थियो । यस्तै अर्को तालिम भोजपुरको सदरमुकाममा गत भाद्र महिनामा सम्पन्न भयो । उक्त तालिममा संखुवासभा र भोजपुर गरी जम्मा ४७ जना गरीब, महिला र द्वन्द्वमा परेका युवा तथा अगुवा कृषकहरूको सहभागिता रहेको थियो । तालिम जिल्ला कृषि विकास कार्यालयसँग समन्वय गरी सञ्चालन गरिएको थियो ।

तालिमका सहभागीहरूले आफुले सिकेका ज्ञान र सीपको प्रयोग गरी आफ्नो करेसाबारीमा तरकारी खेती गरी ताजा तरकारी उब्जाउन थालेका छन् भने केही अगुवा कृषकहरूले आफुले खाएर बचेको तरकारी बेची केही आयआर्जन गर्न थालेका छन्, जसबाट ग्रामीण स्तरमा नै युवाहरूको स्वरोगजारको अवसर सिर्जना हुन थालेको छ ।

## स्थानीय स्तरका सेवा प्रदायक तथा राजनीतिक दलहरूसँग अन्तरक्रिया कार्यक्रम

ग्रामीण समुदाय तथा समुदायमा आधारित संघ-संस्थाहरूको सदस्यहरूलाई स्थानीय स्तरका सरोकारवालाहरूले प्रदान गर्ने सेवाहरूको बारेमा जानकारी गराउने उद्देश्यले गत भाद्र महिनामा संखुवासभा जिल्लाका मकालु, आँखीभुईं र खराङ्ग गा.वि.स. हरूमा एक दिने छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा तीनवटा गा.वि.स.मा भएका स्थानीय सरोकारवालाहरू र गा.वि.स. का महिला, गरीब तथा द्वन्द्वमा परेका व्यक्तिहरूसहित जम्मा ८४ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा स्थानीय सरोकारवालाहरूले स्थानीय स्तरमा प्रदान गरिने सेवाहरूको बारेमा जानकारी गराएका थिए । सो कार्यक्रमबाट हालसम्म कुन कार्यालयले कस्ता कस्ता सेवाहरू प्रदान गर्ने रहेछ भन्ने कुराहरूको बारेमा थाहा भई स्थानीय सरकारी कार्यालयहरूमा गाउँलेहरूको पहुँचमा बृद्धि भएको छ ।

## समुदायको सक्रियतामा सामुदायिक भवन निर्माण

गाउँबाट शान्ति कार्यक्रम अन्तर्गत संखुवासभा जिल्ला खाँदबारी नगरपालिका वार्ड नं. ५ स्थित सेकाहामा धर्मदेवी महिला समूहको सक्रियतमा सामुदायिक भवन निर्माण कार्य सम्पन्न भएको छ । जेठ महिनामा सुरु भई आश्विन महिनामा सम्पन्न भएको सो भवन निर्माणको लागि आवश्यक सिमेन्ट, जस्तापाता, बालुवा र सिपालु मिस्त्री बराबरको सहयोग जम्मा रु. ३,२५,०४८ नेपाल ग्रामीण पुनर्निर्माण संस्थाले गरेको थियो भने ढुङ्गा, गिटी तथा अन्य अर्धदक्ष मिस्त्री बराबरको जम्मा रु. २,८१,१९६ समुदायको जनश्रमदानबाट सम्पन्न भएको थियो ।

सामुदायिक भवनको अभावमा खुल्ला आकाशमुनि आफ्नो समूहको बैठक तथा विभिन्न क्रियाकलापहरू गर्दै आएका सेकाहाबासीले अब आफ्नै भवनमा सामुहिक बैठकदेखि लिएर विभिन्न सांस्कृतिक कार्यक्रमहरू गर्ने, चाडपर्वहरू मनाउने, तालिम तथा आयआर्जनमूलक क्रियाकलापहरू सञ्चालन गर्ने उनीहरूको सोंच रहेको छ ।

महिला समूहको अगुवाईमा सम्पन्न भएको उक्त भवन निर्माणमा महिला पुरुष दुवैको सक्रिय सहभागिता रहेको थियो, जसले गर्दा गाउँमा मेलमिलाप, सामाजिक सद्भाव र सम्मानको भावना अझै विकास भएको पाइएको छ । यसरी सबै मिलेर काम गरेमा समाजमा परिवर्तन अवश्य आउँछ र महिलाहरूले अगुवाई गरेका काम पनि उदाहरणीय बन्न सक्छ भन्ने कुरा यस मिर्मिरे सामुदायिक भवन निर्माण कार्यले देखाएको छ ।

## द्वन्द्व प्रभावित, गरीब तथा पिछडिएका व्यक्तिहरूको पहिचानको तथा आवश्यक पहिचान

गाउँबाट शान्ति कार्यक्रमले स्थानीय संस्थाको माध्यमबाट त्यस संस्थाको व्यक्तिहरू मात्र नभई त्यस संस्था सँग जोडिएको वार्डहरूको द्वन्द्व तथा पिछडिएका व्यक्तिहरूको पहिचान गरी तिनीहरूको आवश्यकता पहिचान गरियो । पहिचान गरिएका व्यक्तिहरूको गाँस, बास र कपासको साथसाथै सशस्त्र द्वन्द्वको बेला जागिर गुमाएका व्यक्तिहरूका लागि जागिर परिपूर्तिको आवश्यकता पहिचान गरियो ।

## नेतृत्व विकास तथा समूह व्यवस्थापन तालिम सम्पन्न

संखुवासभा र भोजपुरका विभिन्न गा.वि.स. हरूमा कार्यरत १५० वटा समुदायमा आधारित संघ-संस्थाहरू मार्फत् विभिन्न खालका चेतनामूलक, आयआर्जन तथा भौतिक पूर्वाधारका क्रियाकलापहरू सञ्चालन गर्ने क्रममा समूहमा नेतृत्व तथा समूह व्यवस्थापनको कमी भएको साथै नेतृत्व तहमा महिला, दलित, जनजाति तथा द्वन्द्वमा परेका व्यक्तिहरूको प्रतिनिधित्व पनि कम भएको महसुस गरी समूहको मागको आधारमा समूहका सदस्यहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले गत भदौमा तीन दिने नेतृत्व विकास



*नेतृत्व विकास तथा समूह व्यवस्थापन तालिमका सहभागीहरू, संखुवासभा*

तथा समूह व्यवस्थापन तालिम संखुवासभाको तुम्लिङ्गटारमा सम्पन्न भयो ।

तालिममा संखुवासभाका जम्मा १० वटा गा.वि.स. का २० जना सहभागीहरूको सहभागिता रहेको थियो । सो तालिममा समूहभन्दा बाहिरका महिला, दलित, जनजाति तथा द्वन्द्वमा परेका व्यक्तिहरूको पनि प्रतिनिधित्व रहेको थियो । तालिमपश्चात् समूहको नेतृत्व तहमा सबैको पहुँच बढ्न थालेको छ  र समूहको व्यवस्थापनमा पनि थप टेवा पुगेको छ ।

## कर्मचारीहरूको क्षमता अभिबृद्धि तालिम सम्पन्न

गाउँबाट शान्ति कार्यक्रममा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गराई कार्यक्रमका क्रियाकलापहरू कार्यान्वयनमा थप टेवा पुर्‍याई कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउने उद्देश्यले छुट्टाछुट्टै ५ दिने सामाजिक परिचालन तालिम भोजपुर र संखुवासभामा सम्पन्न भएको छ । जसमा दुवै जिल्लाका जम्मा ३६ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

तालिमपश्चात् कर्मचारीहरूको क्षमता विकास भई क्रियाकलापहरू कार्यान्वयन गर्ने सिलसिलामा समुदायको परिचालनमा सहयोग भएकोले उनीहरूको काम गर्ने शैलीमा पनि परिवर्तन आएको छ ।

## संस्थाको क्षमता विश्लेषण

गाउँबाट शान्ति कार्यक्रमले भोजपुर र संखुवासभा जिल्लामा १५० वटा समुदायमा आधारित जन-संस्थाहरू छानिसकेको छ । स्थानीय जनताको संस्थाको सहभागितामूलक क्षमता विश्लेषण पनि गरिसकेको छ ।

संस्थाको क्षमता विश्लेषण गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरण, समूहगत र संस्थागत योजना परिकल्पना, ध्येय, लक्ष्य तथा उद्देश्यहरू, संस्थागत संरचना तथा सुशासन, स्रोत परिचालन, सम्बन्ध बिस्तार एवं समन्वय सीप, कार्यालय व्यवस्थापन र द्वन्द्व र शान्ति व्यवस्थापन सीपको आधारमा संस्थाको विश्लेषण गरियो । ती संस्थाहरूलाई तिनीहरूको हालको अवस्थाबारे अवगत गराई सो विश्लेषणको आधारमा समूहको सदस्यहरूले क्षमता विकासको योजना तर्जूमा गरे ।



*किमालुङ गाविसमा संस्थाको क्षमताको विश्लेषण गरिदै, भोजपुर*


गाउ[?]बाट शान्ति कार्यक्रमका लागि नेपाल ग्रामीण प'नर्निर्माण संस्था (आरआरएन) [?]ारा प्रकाशित चौमासिक ब'लेटिन

**सम्पर्क ठेगानाः**



**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
पो.ब.नं. ८१३०, २८८ गैरीधारा, काठमाडौं, नेपाल ।
फोनः ४४२२१५३, ४४२७८२३, फ्याक्सः ४००४५०८
इमेलः rrn@rrn.org.np वेबसाइटः www.rrn.org.np
**कार्यक्रम सम्पर्क कार्यालयः** संखुवासभा, फोन : ०२९-६८०४६६ / भोजपुर, फोन : ०२९-६३०११४


'ufpF6 zflGt (Peace Building from Below-PBB)' क्यानाडाली अन्तर्राष्ट्रिय विकास संस्था (Canadian International Development Agency-CIDA) को सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा पूर्वाञ्चलका पहाडी जिल्लाहरू- भोजपुर र संखुवासभामा संचालित एक कार्यक्रम हो । यस कार्यक्रमको मुख्य उद्देश्य जीविकोपार्जन, मानवीय सहयोग, भौतिक पूर्वाधार तथा अन्य शान्ति निर्माणसँग सम्बन्धित क्रियाकलापहरूद्वारा समुदायमा आधारित संघ-संस्थाहरूलाई शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनमा अग्रसर गराई दिगो शान्ति स्थापनामा सहयोग पुर्‍याउनु रहेको छ ।